# नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.

**NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)

**केन्द्रिय कार्यालय, धादिङ्वेसी, धादिङ्ग**

प.स.०७८/०७९ मिति: २०७८।०९।११

च.न. ६०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाडौं

**विषय: आ.व.२०७७/७८को बार्षिक वित्तीय विवरण पेश गरिएको सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाले आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिषाव, सो संग सम्बन्धित अनुसूचीहरु तथा लेखापरीक्षकको प्रारम्भिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष पेश गरिएकोमा नेपाल राष्ट्र बैंक को मिति २०७८।०९।०५ को पत्र द्वारा स्वीकृत गरि पठाएको हुँदा उक्त विवरण यहाँको जानकारीका लागि पेश गरीएको ब्यहोरा अनुरोध छ।

संलग्न विवरण:

आ.व.२०७७/७८को बार्षिक वित्तीय विवरण १ थान
ने.रा.बैं को पत्र १ थान

भवदीय

.................
(राम बहादुर यादव)
प्रमुख कार्यकारी अधिकृत

नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं.: ४४१२८२३
फ्याक्स नं.: ४४१२२२४
Web site: www.nrb.org.np
Email: nrbmfpsd@nrb.org.np
पोष्ट बक्स नं.: ७३

पत्र संख्या: ल.वि.स.सु.वि./गैर-स्थलगत/नेशनल माइक्रोफाइनान्स/०७८/७९ /७१६

मितिः २०७८/०९/०५

श्री नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड,
निलकण्ठ-३, धादिङ्ग ।

विषय: आर्थिक वर्ष २०७७/७८ को वार्षिक वित्तीय विवरणहरु प्रकाशन गर्ने सम्बन्धमा ।

महाशय,

त्यस संस्थाले पेश गरेको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, सोसँग सम्वन्धित अनुसूचीहरु, लेखापरीक्षकको प्रारम्भिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन र सो उपर व्यवस्थापनको प्रतिक्रिया, लङ्गफर्म अडिट रिपोर्ट लगायतका वित्तीय विवरणहरुको आधारमा गैर-स्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरुका सम्वन्धमा आयकर ऐन/नियमावली तथा अन्य प्रचलित कानूनी व्यवस्था समेतको पालना गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु शेयरधनीहरुको जानकारीका लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित तथा कार्यान्वयन गर्ने गरी संस्थाले प्रस्ताव गरे अनुसार आर्थिक वर्ष २०७७/७८ सम्मको सञ्चित मुनाफावाट २०७८ असारमसान्तमा कायम चुक्ता पुँजी रु.४१ करोड ९० लाख ५३ हजारको ४० प्रतिशतले हुने बोनश शेयर रकम रु.१६,७६,२१,४२१।०० (अक्षरेपि सोह्र करोड छैहत्तर लाख एक्काइस हजार चार सय एक्काइस मात्र) र नगद लाभांश (कर प्रयोजन सहित) ५ प्रतिशतले हुने रकम रु.२,०९,५२,६७७।६३ (अक्षरेपि दुई करोड नौ लाख बाउन्न हजार छ सय सतहत्तर पैसा त्रिसठ्ठी मात्र) गरी कुल ४५ प्रतिशतले हुने रकम रु.१८,८५,७४,०९८।६३ (अक्षरेपी अठार करोड पचासी लाख चौहत्तर हजार अन्ठान्नव्वे पैसा त्रिसट्ठी मात्र) लाभांस वितरण सम्वन्धी प्रस्ताव साधारण सभाबाट स्वीकृत गरे पश्चात वितरण गर्न स्वीकृती तथा वार्षिक साधारण सभा प्रयोजनको लागि आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गरिएको व्ययहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

(क) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. ६/०७७ को बुँदा नं. २ उपबुँदा नं. (ग) बमोजिम राष्ट्रियस्तरका संस्थाले कम्तीमा ३ वर्षको एक पटक System Audit गराउनु हुन ।

(ख) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. १५/०७७ को बुँदा नं. २ को उपबुँदा नं. १ (क) बमोजिम सर्वसाधरणवाट निक्षेप संकलन नगर्ने संस्थाले आफ्नो सदस्यवाट एक भन्दा बढी शीर्षकमा अनिवार्य बचत संकलन गर्न पाइने छैन । उपबुंदा नं. १ (ख) मा यस पूर्व विभिन्न शीर्षकमा अनिवार्य बचत संकलन गरेको भएमा मिति २०७७ पुस मसान्त सम्ममा एकै शीर्षकमा समायोजन गरिसक्नु पर्ने छ भन्ने व्यवस्थाको पूर्ण पालना गर्नुहुन ।

(ग) संस्थाका कर्मचारीले हिनामिना गरेको रकम रु.१,६२,५३,९९४।७६ को असुल उपर सम्वन्धमा भएको पछिल्लो प्रगति विवरण वारे जानकारी दिनुहुन ।

(घ) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. १०/०७७ को बुँदा नं.६ बमोजिम इजाजतपत्रप्राप्त कुनै एक बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा लगानी गर्दा चुक्ता पुँजीको बढीमा २५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पुँजीको १० प्रतिशत मात्र संस्थापक शेयरमा लगानी गर्न सकिने व्यवस्था रहेकोमा नेपाल इन्भेष्टमेण्ट बैंक लि.ले १९.०६ प्रतिशत र कुमारी बैंक लि. ले १५.२५ प्रतिशत संस्थापक शेयरमा लगानी गरेको देखिएकोले उल्लिखित सीमाभन्दा बढी शेयर धारण गर्ने संस्थापक शेयरधनी रहे/नरहेको एकीन गरी सो सीमाभन्दा बढी भएमा उक्त शेयरधनीले आफ्नो शेयर सो सीमाभित्र नल्याएसम्म प्रस्तावित [illegible] व्यवस्था मिलाउनु हुन ।

# नेपाल राष्ट्र बैंक
## लघुवित्त संस्था सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं.: ४४१२८२३
फ्याक्स नं.: ४४१२२२४
Web site: www.nrb.org.np
Email: nrbmfpsd@nrb.org.np
पोष्ट बक्स नं.: ७३


(ङ) संस्थाले तयार गरेको वित्तीय विवरणका अनुसूचीहरु यस बैंकले जारी गरेको एकीकृत निर्देशन, २०७७ बमोजिम निर्धारित ढाँचामा तयार गरी प्रकाशन गर्नुहुन ।

(च) संस्थाको आन्तरिक र बाह्य लेखापरीक्षक तथा यस बैंकको स्थलगत निरीक्षण र गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदनले औंल्याएका कैफियतहरु पुनः नदोहोरिने गरी सुधार गर्नु हुन ।

भवदीय,

(राजकुमार खत्री)
उप-निर्देशक

**बोधार्थ :**
१. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. कार्यान्वयन इकाई, लघुवित्त संस्था सुपरीवेक्षण विभाग ।